नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**राजस्व अनुसन्धान विभाग**
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**राजस्व चुहावट गरेको अभियोगमा तपसिलमा उल्लेखित फर्महरु उपर रु. ६ करोड ६९ लाख विगो कायम गरी उक्त प्रतिवादीहरुबाट विगो असुल उपर गरी जरिवाना एवं कैद सजाय समेतको माग दावी लिई उच्च अदालत तुल्सिपुर, बुटवलमा मुद्दा दायर गरिएको छ ।**

१. **राजस्व चुहावट गर्ने श्याम ग्लास इण्डष्ट्रिज (स्था.ले. नं. ३०३१६७९१९) ले राजस्व चुहावट गरेको अभियोगमा रु. ६,०६,२५,२८२।- (अक्षेरेपि छ करोड छ लाख पच्चिस हजार दुई सय वयासी रुपैयाँ मात्र) विगो कायम गरी उक्त विगो असूल उपर गरी जरिवाना र कैद समेतको माग दावी लिई मिति २०७७/०३/२२ मा उच्च अदालत तुल्सिपुर, बुटवलमा मुद्दा दायर गरिएको।**

**श्याम ग्लास इण्डष्ट्रिज (स्था.ले. नं. ३०३१६७९१९)** ले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने राजस्व नतिर्ने एव कम तिर्ने उद्देश्य राखि उत्पादित सिसा तथा सिसाजन्य मालवस्तुमा अन्तःशुल्क असुल नगरी राजस्व चुहावट गरी राजस्व छलि गरेको देखिँदा उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरी सोही ऐनको दफा ४ (क) र (झ) बमोजिमको कसुरजन्य कार्य गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने विगो **श्याम ग्लास इण्डष्ट्रिजले रु. ६,०६,२५,२८२।- (अक्षेरेपि छ करोड छ लाख पच्चिस हजार दुई सय वयासी रुपैयाँ मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले श्याम ग्लास इण्डष्ट्रिज (स्था.ले.नं. ३०३१६७९१९) लाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) तथा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संसोधन २०७६) ऐन, २०५२ को दफा २३(१) को खण्ड (ख) तथा ऐ. २३(४)

बमोजिम प्रतिवादीलाई जरिवाना एवं कैद सजाय समेत हुन मागदावी लिई मिति २०७७/०३/२२ गते उच्च अदालत तुल्सिपुर, बुटवल मा मुद्दा दायर गरिएको छ।

२. **राजस्व चुहावट गर्नेको महाशक्ति गुट्खा उद्योग (स्था.ले. नं. ३०५४३३५६७) ले राजस्व चुहावट गरेको अभियोगमा रु. ६३,०८,७०६।- (अक्षरेपि त्रिसठ्ठि लाख आठ हजार सात सय छ रुपैया मात्र) विगो कायम गरी उक्त विगो असूल उपर गरी जरिवाना र कैद समेतको माग दावी लिई मिति २०७७/०३/२२ मा उच्च अदालत तुल्सिपुर, बुटवलमा मुद्दा दायर गरिएको।**

**महाशक्ति गुट्खा उद्योग (स्था.ले. नं. ३०५४३३५६७)** का संचालकहरुले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने राजस्व नतिर्ने एव कम तिर्ने उद्देश्य राखि अन्तःशुल्क जन्य पदार्थ उत्पादित तथा विक्री वितरण गरी अन्तःशुल्क असुल नगरी राजस्व चुहावट गरी राजस्व छलि गरेको देखिंदा उक्त कार्य राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित कार्य गरी सोही ऐनको दफा ४ (क) र (झ) बमोजिमको कसुरजन्य कार्य गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने विगो **महाशक्ति गुट्खा उद्योग (स्था.ले.नं. ३०५४३३५६७) रु. ६३,०८,७०६।- (अक्षरेपि त्रिसठ्ठि लाख आठ हजार सात सय छ रुपैया मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले महाशक्ति गुट्खा उद्योग (स्था.ले.नं. ३०५४३३५६७) का संचालकहरुलाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) तथा राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संसोधन २०७६) ऐन, २०५२ को दफा २३(१) को खण्ड (ख) तथा ऐ. २३(४) बमोजिम प्रतिवादीलाई जरिवाना एवं कैद सजाय समेत हुन मागदावी लिई मिति २०७७/०३/२२ गते उच्च अदालत तुल्सिपुर, बुटवलमा मुद्दा दायर गरिएको छ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**